***राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समितिको मिति २०७५/०६/०७ गते आईतबार दिनको १:०० बजे बसेको बैठकको निर्णयहरु :***

१. आजको बैठक प्रारम्भ हुनु अघि संघीय संसद सचिवालयका कानून महाशाखाका सहसचिव श्री अर्जुन कुमार खड्काले नेपालको संविधानको धारा ५४ तथा संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्य-सञ्चालन) नियमावली, २०७५ को नियम २७ बमोजिम गठित यस समितिका सदस्यहरुको नाम र उमेर सहितको विवरणको जानकारी गराउँदै उमेरको आधारमा जेष्ठ सदस्य माननीय श्री राधेश्याम अधिकारीलाई सोही नियमको उपनियम (४) बमोजिम समितिको सभापतित्व गर्न अनुरोध गर्नु भयो ।

२. समितिको सभापतित्व गर्नु भएका जेष्ठ सदस्य माननीय श्री राधेश्याम अधिकारीले आजको बैठक प्रारम्भ भएको जानकारी गराउँदै सर्वप्रथम सम्पूर्ण सदस्यहरुलाई स्वागत गर्नु भयो र समितिको सभापति पदमा एक मात्र उम्मेदवार माननीय श्री निरा देवी जैरुको प्रस्ताव दर्ता भएको जानकारी गराउँदै उक्त प्रस्तावका प्रस्तावक माननीय श्री गणेश सिंह ठगुन्नालाई आफ्नो प्रस्ताव प्रस्तुत गर्न समय दिनु भयो । तत्पश्चात, उक्त प्रस्तावका समर्थक माननीय श्री प्रभु साहलाई आफ्नो समर्थन प्रस्तुत गर्न समय दिनु भयो र समर्थन प्रस्तुत भएपछि समितिको सभापति पदमा माननीय श्री निरा देवी जैरु निर्विरोध निर्वाचित भएको घोषणा गर्नुका साथै सभापति पदमा निर्वाचित हुनु भएकी माननीय श्री निरा देवी जैरुलाई बधाई एवं सफल कार्यकालको शुभकामना व्यक्त गर्नु भयो ।

३. समितिको अर्को बैठक सूचना गरी बस्ने गरी आजको बैठक स्थगित गरियो ।

*राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समितिको मिति २०७५/०६/१२ गते शुक्रबार दिनको १:०० बजे बसेको बैठकको निर्णयहरु :*

१. संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्य-सञ्चालन) नियमावली, २०७५ को नियम २९ अनुसार संयुक्त समितिको बैठक सञ्चालनको लागि समितिको सम्पूर्ण सदस्य संख्याको ५१% सदस्य उपस्थित हुनु पर्नेमा आजको बैठकमा गणपूरक संख्या नपुगेकोले मिति २०७५/०६/१४ गते सोमबार विहान ११:३० बजे अर्को बैठक बस्ने प्रस्तावित मिति निर्धारण गरियो ।

*राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समितिको मिति २०७५/०६/१५ गते सोमबार विहान ११:३० बजे बसेको बैठकको निर्णयहरु :*

१. आजको बैठकको प्रारम्भमा सभापतिले समितिको कार्ययोजना सम्बन्धमा आ-आफ्नो धारणा व्यक्त गर्न माननीय सदस्यहरुलाई समय दिनु भयो र माननीय सदस्यहरुले आ-आफ्नो धारणा व्यक्त गर्नु भयो ।

२. सचिवालयबाट तयार गरेको समितिको आन्तरिक कार्यविधिको मस्यौदा माननीय सदस्यहरुलाई वितरण गरियो र उक्त मस्यौदा उपर अर्को बैठकमा छलफल गरी परिमार्जन गर्ने निर्णय गरियो ।

३. समितिको कार्ययोजना सम्बन्धमा अन्य मुलुकको अभ्यास समेतको अध्ययन गरी निष्कर्षमा पुग्ने प्रयोजनको लागि सचिवालयलाई आवश्यक तयारी गर्न समेत निर्देशन दिईयो ।

४. समितिको अर्को बैठक सूचना गरी बस्ने गरी आजको बैठक स्थगित गरियो ।

*राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समिति २०७५/०९/१० गते मंगलबार दिनको २:३० बजे बसेको बैठकको निर्णयहरु :*

१. आजको बैठकमा सचिवालयबाट पेश गरिएको राज्यका निर्देशक सिद्धान्त, नीति र द कार्यान्वयन अनुगमन तथा मूल्यांकन समितिको कार्यविधि, २०७५ को मस्यौदाका सम्बन्धम छलफल गरियो ।

२. माननीय सदस्यहरुले कार्यविधिको मस्यौदा उपर छलफलको क्रममा प्रस्तुत गर्नु भएको विष आवश्यकता अनुसार मस्यौदामा समावेश गरी राज्यका निर्देशक सिद्धान्त, नीति र द कार्यान्वयन, अनुगमन तथा मूल्यांकन समितिको कार्यविधि, २०७५ परिमार्जन सहित पारित गरि

३. समितिको अर्को बैठक सूचना गरी बस्ने गरी आजको बैठक स्थगित गरियो ।

***राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समितिको मिति २०७५/०९/२६ गते विहीबार विहानको ११:३० बजे बसेको बैठकको निर्णयहरु :***

१. आजको कार्यसूचीमा परेका बिषयहरुका बारेमा सामान्य छलफल भयो । छलफलको क्रममा माननीय सदस्यहरुले आजको बैठकमा नेपालको संविधानमा उल्लेख भएका राज्यका विभिन्न नीतिहरु मध्ये शिक्षा र स्वास्थ्य सेवा,अन्तराष्ट्रिय सम्बन्ध तथा विकास सम्बन्धी नीतिको बिषयमा छलफल गर्न उपयूक्त हुने आशय व्यक्त गर्नु भयो र केही नीतिहरुको बिषयमा प्रारम्भिक छलफल भयो ।

२. समितिको अर्को बैठकमा नागरिकका आधारभुत आवश्यकता सम्बन्धी नीति अर्न्तगतको गुणस्तरीय स्वास्थ्य सेवा र स्वास्थ्य क्षेत्रमा राज्यको लगानी अभिवृद्धि लगायतका बिषयमा क्रमशः छलफल गर्ने र सो सम्बन्धी बिषयमा जानकारी लिन माननीय स्वास्थ्य मन्त्री तथा अन्य सम्बद्ध पदाधिकारीलाई समेत समितिको आगामी बैठकमा आमन्त्रण गर्ने सम्बन्धमा सचिवालयले आवश्यक ब्यबस्था मिलाउने निर्णय गरियो ।

३. समितिको अर्को बैठक सूचना गरी बस्ने गरी आजको बैठक स्थगित गरियो ।

राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समितिको मिति २०७५।१२।१४ गते विहीबार दिनको १.०० बजे बसेको बैठकका निर्णयहरुः

१. माननीय उपप्रधान एवं स्वास्थ्य तथा जनसंख्या मन्त्रीले आजको कार्यसूचीमा परेको विषय नेपालको संविधानको धारा ५१ अन्तर्गत रहेका नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति अन्तर्गत उल्लिखित स्वास्थ्य क्षेत्रसँग सम्बन्धित राज्यका नीतिहरु र सो को कार्यान्वयनको अवस्थाका बारेमा समिति समक्ष धारणा प्रस्तुत गर्नु भयो । यसरी प्रस्तुत गर्नु भएको धारणाउपर माननीय सदस्यहरुले आ-आफ्ना जिज्ञासा तथा प्रश्नहरु राख्नु भयो ।

२. माननीय उपप्रधान एवं स्वास्थ्य तथा जनसंख्या मन्त्रीले माननीय सदस्यहरुले राख्नु भएका जिज्ञासा तथा प्रश्नहरुको जवाफ दिँदै छलफलको क्रममा प्रस्तुत भएका विषयवस्तुहरुलाई मन्त्रालयले आगामी दिनमा मार्गदर्शनको रुपमा लिँदै अगाडी बढ्ने बताउनु भयो ।

३. समितिको अर्को बैठक सूचना गरी बस्ने गरी आजको बैठक स्थगित गरियो ।